# CONTENTS बिषय सूचि

**Page पृष्ट**


| | |
|---|---|
| 1. About Bracknell Forest ब्राकनेल फरेस्ट-एक चिनारी | 3 |
| 2. Leisure फूर्सतकोलागि | 4 |
| 3. Schools विद्यालयहरु | 7 |
| - The School Year शैक्षिक वर्ष | 7 |
| - Chart showing different stages of schooling<br>शैक्षिक अवस्था देखाउने मानचित्र | 8 |
| - Map of Schools | 9 |
| - Pre-School and Nursery प्रि-स्कूल र नर्सरी | 10 |
| - Primary Education प्राथमिक शिक्षा | 10 |
| - Secondary Education माध्यामिक शिक्षा | 10 |
| - Ability Groups/ Sets योग्यता समूह या दल | 10 |
| - The School Day विद्यालयको दिनचर्या | 12 |
| - The National Curriculum राष्ट्रिय पाठचक्रम | 12 |
| - Links with home घरसँग सम्बन्ध | 12 |
| - Homework गृहकार्य | 14 |
| - School Meals विद्यालयमा खाना | 14 |
| - Bullying/ Racist Incidents<br>बुलिङ्ग र जातिय भेदभावका घटनाहरु | 14 |
| - Frequently asked questions बारंबार सोधिने प्रश्नहरु | 16 |
| 4. How to help your child learn English<br>अङ्ग्रेजी पढन आफ्नो बालबच्चालाई कसरी सहायता गर्ने | 20 |
| 5. List of Schools in the Borough विद्यालयहरुको सूचि | 24 |
| 6. List of Early Years Setting अर्लि यियर्स सेटिङ्गको सूचि | 28 |
| 7. Help for Young People aged 13 to 19 years<br>१३ देखि १९ वर्ष पुगेका यूवावर्गकोलागि सहयोग | 32 |
| 8. Health स्वास्थ्य | 34 |
| 9. Useful Addresses and Websites<br>उपयोगी ठेगाना र वेबसाइटहरु | 37 |
| 10. Libraries पुस्तकालयहरु | 38 |

# ABOUT BRACKNELL FOREST

Bracknell Forest is made up of 6 towns and parishes. They are Binfield, Bracknell, Crowthorne, Sandhurst, Winkfield and Warfield.

Bracknell Forest is in a good location: 25 miles west of London and a few minutes from the motorways M3, M4 and M25. This means you can travel to other parts of England easily. It is easy to get to London and Reading by train or bus from Bracknell. Heathrow Airport is 30 minutes away and Gatwick Airport is 40 minutes drive.

The choice of schools is very good, and local schools achieve good exam results.

Bracknell has many large offices of multinational companies on the three industrial areas which are just outside of the town centre and there are a wide variety of jobs available.

There is a good choice of leisure activities. There are swimming pools, ice skating rink, tennis courts as well as clubs for adults and children to join. Bracknell also has many parks for quiet family days out.

## ब्राकनेल् फरेस्ट – एक चिनारी

ब्राकनेल फरेस्ट ६ वटा शहर र प्यारिश (आफ्नै गिर्जा र पादरी भएको इलाका) मिलेर बनेको छ । ती हुन् बिनफिल्ड, ब्राकनेल, क्रोथर्न, स्यान्डहर्ष्ट, विङ्कफिल्ड र वारफिल्ड ।

ब्राकनेल फरेस्ट एक अत्ति नै उचित स्थानमा अवस्थित छ । यो लण्डनबाट २५ माइल पश्चिममा पर्दछ र एम ३, एम ४ र एम २५ बाट सजिलै भेट्न सकिन्छ । यसले गर्दा, इङ्गल्याण्डका अरु स्थानहरुमा सजिलै यात्रा गर्न सकिन्छ । यहाँबाट सजिलैसँग बस र रेलबाट लण्डन र रिडिङ्ग पुग्न सकिन्छ । यहाँबाट हिथ्रो विमानस्थल गाडीबाट ३० मिनेटको दूरिमा पर्दछ भने ग्याट्विक विमानस्थल ४० मिनेटको दूरिमा पर्दछ ।

यहाँ धेरै विद्यालयहरु भएको कारण आफूलाई मन परेको विद्यालय छान्न सकिन्छ र स्थानिय विद्यालयहरुको परिक्षाफल पनि स्थरिय हुने गरेको छ ।

ब्राकनेल नगरको केन्द्रबाट बाहिर तीनवटा औद्योगिक क्षेत्रहरु छन् जहाँ अन्तरराष्ट्रिय कम्पनीका ठूला ठूला कार्यलयहरु अवस्थित छन् । यसरी यहाँ धेरै किसिमका रोजगारी पाइन्छ ।

फूर्सतको समयमा गर्न सकिने क्रियाकलापहरु पनि धेरै छन् । यहाँ पौडी खेल्ने ठाउँहरु छन् , एउटा आइस् स्केटिङ्ग रिङ्क छ, टेनिस कोर्टहरु छन् साथै प्रौढ र बालबालिकाहरुकालागि धेरै किसिमका क्लबहरु छन् । यसको साथै धेरै पार्कहरु पनि छन् जहाँ परिवारहरु एकै साथ घुम्न जान सक्छन् ।

# LEISURE

There are many activities in Bracknell Forest which you and your children can do. We provide sports facilities at these places:

- Bracknell Leisure Centre
- Sandhurst and Edgbarrow Sports Centres
- Horseshoe Lake Watersports Centre
- Downshire Golf Course
- Coral Reef, Bracknell's Waterworld
- The Look Out Discovery Centre

For quiet walks or picnics you can use:

- Countryside parks
- Recreational open spaces
- Public rights of way

You can find out which ones are closest to you by contacting Leisure Customer Services on:

Tel: 01344 352000
Time Square
Market Street
Bracknell
RG12 1JD
Email: customer.services@bracknell-forest.gov.uk
This building is on the map and is close to the train station.

You will be very welcome at these places. The library can give you more information on events and activities in your area. There is a list of libraries in this booklet.

# Leisure फूर्सतकोलागि

ब्राकनेल फरेस्टमा तपाई र तपाईंका नानीहरुले फूर्सतको समयमा गर्न सकिने धेरै किसिमका क्रियाकलापहरु छन् ।

निम्न स्थानहरुमा हामीले खेलहरु खेल्नकालागि प्रबन्धहरु मिलाएका छौं ।

- ब्राकनेल लेजर सेन्टर
- स्याण्डर्हष्ट र एजब्यारो स्पोंटस् सेन्टरहरु
- हर्सशू लेक वटरस्पोंटस् सेन्टर
- डाउनशायर गोल्फ कोर्स
- कोरलरिफ् , ब्राकनेलको पानीको संसार
- द लुक आउट डिस्कभरी सेन्टर

शान्त वातावरणमा घुम्न या पिक्निक् खान निम्न स्थानहरु प्रयोग गर्न सकिन्छ ।

- गाउँतिरका पार्कहरु
- मनोरञ्जन गर्ने खुला जगहहरु
- सर्वसाधारण जान सक्ने स्थानहरु

आफूलाई पाइक पर्ने ठाउँहरुको विषय जानकारी लिनु चाहनु हुन्छ भने कस्टमर सर्भिसलाई निम्न टेलिफोन नम्बर या ठेगानामा सम्पर्क गर्नु सक्नु हुनेछ ।

टेलिफोन: ०१३४४ ३५२०००

Time Square
Market Street
Bracknell
RG12 1JD
Email: customer.services@bracknell-forest.gov.uk

यो घर मानचित्रमा पाउनु सक्नु हुन्छ र रेलवे स्टेशनबाट नजिकै पर्दछ ।

यी स्थानहरुमा तपाईंहरुलाई हार्दिक स्वागत छ । तपाईंहरु बस्ने क्षेत्रमा हुने क्रियाकलाप र कार्यक्रमहरुको विषयमा विस्तृत जानकारी पुस्तकालयहरुबाट पनि थाहा पाउन सकिन्छ । यस पुस्तिकामा पुस्तकालयहरुको सूचि पनि समावेश गरिएको छ ।

# SCHOOLS

All children between the age of 5 and 16 must attend school. Legally children must be in full-time education from the start of the school term after their fifth birthday.

School is from Monday to Friday and school times are usually from 08:45 am to 3:30 pm.

The phases of schooling are as follows:

Nursery – 3 to 5 years old
Infant - 5 to 7 years old
Juniors – 7 to 11 years old
Primary - 5 to11 years old
Secondary -11 to16 years old

Bracknell has:

3 infant schools
3 junior schools
24 primary schools

15 infant and primary schools have nursery classes

1 school for children with special needs
6 secondary schools

There are other private or independent schools where you will need to pay fees.

When your child enters school at the age of 5, s/he enters Reception or Year 1. In infant schools children leave at end of Year 2 to join either a primary school or junior school. A junior school will take children from Year 3 through to Year 6. Primary schools take children from Reception/Year 1 to Year 6. At the beginning of Year 6 you will be asked to choose a secondary school for your child. If your child arrives in school after this time, you may need to ask the headteacher for information.

Secondary schools take children from Years 7 to 11. Children usually progress through the school with their age group.

## The school year

The school year starts in September. There are three terms in each year. There is a week's holiday half way through each term called "half term" and a longer holiday at the end of each term. The dates for the 2008/9 school year are:

| | |
|---|---|
| Autumn term | 4th September – 19th December 2008 |
| Spring term | 5th January – 3rd April 2009 |
| Summer term | 20th April – 22nd July 2009 |

# Schools विद्यालयहरु

५ देखि १६ वर्ष पुगेका बालबच्चाहरु अनिवार्य रुपमा विद्यालय गएको हुनु पर्छ। कानूनी रुपमा नानीहरुको पाँचौं जन्मदिन सकिने वित्तिकैको शैक्षिक सत्रमा नानीहरु पूर्ण रुपमा विद्यालयमा भर्ना हुनु पर्छ।

विद्यालयहरु सोमबार देखि शुक्रबार सम्म संचालन हुन्छन् र प्रायः जसो बिहान ०८:४५ देखि दिउँसो ३:१५ सम्म लाग्छ।

शिक्षाका विभिन्न तहहरु यस प्रकारका छन्।

नर्सरी – ३ देखि ५ वर्ष सम्म
इन्फेन्ट – ५ देखि ७ वर्ष सम्म
जुनियर्स – ७ देखि ११ वर्ष सम्म
प्राथमिक – ५ देखि ११ वर्ष सम्म
माध्यामिक – ११ देखि १६ वर्ष सम्म

ब्राकनेलमा

- तीनवटा इन्फेन्ट स्कूलहरु छन्
- तीनवटा जुनियर स्कूलहरु छन्
- चौबिस वटा प्राथमिक स्कूलहरु छन्
- एउटा विशेष आवश्यक्ता भएका नानीहरु पढने स्कूल र
- छ वटा माध्यामिक स्कूलहरु छन्

अरु प्राइभेट र स्वतन्त्र विद्यालयहरु पनि छन् जहाँ शूल्क तिर्नु पर्छ।

तपाईंहरुको नानी ५ वर्षको उमेरमा विद्यालयमा भर्ना हुँदा रिसेप्सन् या कक्षा १ मा प्रवेश गर्छ। इन्फेन्ट स्कूलमा पढेका नानीहरु कक्षा २ को अन्तमा प्राइमरी स्कूल अथवा जुनियर स्कूलमा जान्छन्। जुनियर स्कूलहरुमा नानीहरुलाई कक्षा ३ देखि कक्षा ६ सम्म पढाइन्छ। प्राइमरी स्कूलमा भने रिसेप्सन् अथवा कक्षा १ देखि कक्षा ६ सम्म पढाइन्छ। कक्षा ६ को आरम्भमानै अभिभावकहरुलाई आफूलाई मन पर्ने माध्यामिक विद्यालयको छनौट गर्न लगाइन्छ। तपाईंहरु यद्यपि यो समय भन्दा पछाडी आउनु भएको हो भने विद्यालयको प्रधानाध्यापकसँग जानकारी लिनु पर्छ।

माध्यामिक विद्यालयहरुमा कक्षा ७ देखि कक्षा ११ सम्म पढाई हुन्छ। विद्यार्थीहरुलाई उमेर अनुसार कक्षामा राखिन्छ र उमेरकै आधारमा माथिल्लो कक्षामा सारिन्छ।

**विद्यालयको वार्षिक तालिका**

विद्यालयको शैक्षिक वर्ष सेप्टेम्बर महिनामा शुरु हुन्छ। प्रत्येक वर्षलाई तीनवटा सत्रमा विभाजन गरिएको छ। हरेक सत्रको वीचमा एक हप्ताको हाफ टर्म ब्रेक हुन्छ भने सत्रको अन्तमा अलि लामो बिदा हुन्छ।
2008-2009 का सत्रहरु यस प्रकार छन्

| | |
|---|---|
| अटम टर्म | 4 सेप्टेम्बर देखि 19 डिसेम्बर 2008 |
| स्प्रीङ्ग टर्म | 5 जनवरी देखि 3 अप्रिल 2009 |
| समर टर्म | 20 अप्रिल देखि 22 जुलाई 2009 |

**The chart shows the different stages of schooling and the main exams.**
**निम्न तालिकाले शिक्षाका विभिन्न तह र मुख्य जाँचहरु देखाउँछ ।**

| Type of school<br>स्कूलका किसिम | Age<br>उमेर | Year<br>कक्षा | School stage<br>स्कूलको तह | National tests and exams<br>राष्ट्रिय तहका जाँच र मूल्याङ्कन |
|---|---|---|---|---|
| Nursery<br>नर्सरी | 3-4 years | | Early Years Foundation Stage<br>फाउन्डेशन स्टेज | Foundation Stage Profile<br><br>फाउन्डेशन स्टेजको प्रोफाइल |
| Infant school<br>इन्फेन्ट स्कूल | 4-5 years | | | |
| Infant or primary school<br>इन्फेन्ट या प्राथमिक स्कूल | 5-6 years<br>6-7 year | Year 1<br>Year 2 | Key Stage 1<br><br>कि स्टेज १ | Key Stage 1 SATs<br><br>कि स्टेज १ को SATs |
| Junior or primary school<br>जुनियर या प्राथमिक स्कूल | 7-8 years<br>8-9 years<br>9-10 years<br>10-11 years | Year 3<br>Year 4<br>Year 5<br>Year 6 | Key Stage 2<br><br>कि स्टेज २ | Key Stage 2 SATs<br><br>कि स्टेज २ को SATs |
| Secondary school<br>माध्यामिक स्कूल | 11-12 years<br>12-13 years<br>13-14 years | Year 7<br>Year 8<br>Year 9 | Key Stage 3<br><br>कि स्टेज ३ | Key Stage 3 SATs<br><br>कि स्टेज ३ को SATs |
| Secondary school<br><br>माध्यामिक स्कूल | 14-15 years<br><br>15-16 years | Year 10<br><br>Year 11 | Key Stage 4<br><br>कि स्टेज ४ | Some children take GCSEs<br>केही विद्यार्थीहरुले जिसिएसइ दिन्छन्<br><br>Most children take GCSEs or other similar qualifications<br>प्राय सबै विद्यार्थीले जिसिएसइ अथवा उस्तै किसिमका जाँच दिन्छन् |
| Secondary school or Further Education College<br><br>उच्च माध्यामिक या फदर एडुकेशन कलेज | 17-19 years | 6th Form | Key Stage 5<br><br>कि स्टेज ५ | A levels, AS levels or VCEs. These exams form the basis for admittance to Colleges and Universities<br><br>यी जाँचहरुद्धारा विश्वविद्यालय या कलेजमा भर्ना लिइन्छ । |

**map of schools**

## Pre-School and Nursery

All 3 and 4 year olds are entitled to free part-time education. These early years, together with their time in reception class at primary school, make up the Early Years Foundation Stage. A child can attend up to five free 2 ½ hour sessions of Early Years education per week, for up to 38 weeks a year, at a registered setting from the term after their third birthday.

There are 50 Early Years settings in Bracknell. The word 'setting' means pre-school, day nursery or school nursery class. Admit your child at a setting of your choice and they will let you know if you need to pay any extra fees. See the list of settings. You can get more information from, the Children's Information Centre, Family Tree Nursery, 49 Broadway, RG12 1BB. Tel: 0800 328 9148. Website: www.childrensinfo.org

## Primary Education

Children are taught in classes of approximately 30. They are often grouped by ability for some subjects. Every day the child will be taught one hour of English and one hour of Mathematics as well as other subjects.

Classes are often arranged to encourage the children to interact with each other and work in groups. Some classes contain more than one year group.

Schools have regular assemblies where the whole school will meet for a short time together.

## Secondary Education

In secondary schools, pupils are taught in classes within their year group. The children are also in tutor groups. The day may start with a tutor session. This tutor (or teacher) looks after a group of children for the whole year and is responsible for their welfare. He/she will contact you if there are any concerns or if your child is having problems. In addition, a Head of Year or Head of House oversees welfare issues.

Pupils are taught by subject specialists – a separate teacher for each subject. The children move around from one teacher's classroom to the next throughout the day. They take their bags and belongings with them to each class. Each class may have 20-30 pupils for each subject. The teachers will give homework to be completed by a set time.

## Ability Groups / Sets

In secondary schools pupils will be placed in ability groups called sets for some subjects from year 7. It is always best to ask which set your child has been placed in for each subject, as this will affect the level at which they are taught.

## Pre school and Nursery प्रि स्कूल र नर्सरी

सबै तीन देखि चार वर्षका नानीहरुलाई 'पार्ट टाइम' निशूल्क शिक्षा पाउने अधिकार छ। यी शुरुका वर्षहरु लगायत प्राइमरी स्कूलको रिसेप्सन् कक्षा मिलेर फाउन्डेशन स्टेज बन्दछ। प्रत्येक नानीले हरेक हप्ता, पाँच दिन, साँढे दुई घण्टाकोलागि निशूल्क सेवा पाउन सक्नेछन्।

नानीको तेस्रो जन्मदिन पछि यो सेवा ३८ हप्ता सम्म कुनै दर्ता भएको निकायबाट उपलब्ध गर्न सकिन्छ। यस्ता निकायहरुलाई अर्लि यर्स सेटिङ्ग भनिन्छ र ब्राकनेलमा यी पचासवटा छन्। सेटिङ्ग भन्नाले प्रि स्कूल, दिनमा खुल्ने नर्सरी अथवा स्कूलको नर्सरी कक्षालाई जनाउँछ। आफ्नो नानीलाई यस्तो कुनै सेटिङ्गमा भर्ना गर्नु भएमा उनीहरुले नै अरु शूल्क तिर्नु पर्ने नपर्ने विषयमा जानकारी दिन्छन्। यस पुस्तिकामा भएको सेटिङ्गको सूचि हेर्नुहोस। विस्तृत जानकारीकोलागि
The Children's Information Centre, Family Tree Nursery, 49 Broadway, RG12 1BB. Tel: 0800 3289148. Website: www.childrensinfo.org मा सम्पर्क गर्नुहोस्।

## Primary Education प्राथमिक शिक्षा

एउटा कक्षामा लगभग तीस जना विद्यार्थीहरुलाई सँगै पढाइन्छ। आफ्नो क्षमता अनुसार बेग्लाबेग्लै समूहमा विभाजन गरिएको हुन्छ। अरु विषय सँगसँगै हरेक दिन एक एक घण्टा अङ्ग्रेजी र गणितको पढाई हुन्छ।

कक्षा कोठाको सजावट नानीहरुलाई समूहमा काम गर्न प्रोत्साहन दिने किसिमले गरेको हुन्छ। यसरी नानीहरु आपसमा घुलमिल गर्दै सिक्ने गर्छन्। कुनै कुनै कक्षामा एक भन्दा बढी कक्षाहरु पनि समावेश गरिएको हुन्छ।

विद्यालयहरुमा नियमित रुपमा असेम्ब्लि तथा भेलाहरु हुन्छन् जहाँ सम्पूर्ण विद्यार्थीहरु केही समयको निम्ति एकै ठाउँमा जमघट् हुन्छन्।

## Secondary Education माध्यामिक शिक्षा

माध्यामिक स्कूलहरुमा समकालिन विद्यार्थीहरुलाई सँगै पढाइन्छ। यस अवस्थामा नानीहरु आफ्ना टयूटर ग्रुपमा पनि हुन्छन्। हरेक बिहान कक्षा संचालन हुनु भन्दा अगाडि आफ्ना टयूटरसँग नानीहरुको भेटघाटको समय हुन्छ। यी टयूटरह्रुले वर्ष भरि आफ्ना समूह या झुण्डमा भएका विद्यार्थीहरुका शारीरिक र मानसिक स्वास्थ्यको हेरविचार गर्दछ। तपाईंका नानीहरुका केही समस्याहरु भए यीनै टयूटरहरु मार्फत जानकारी पाउनु हुनेछ। यसको अतिरिक्त 'हेड अफ हाउस' अथवा 'हेड अफ यर' ले पनि विद्यार्थीहरुको हेरविचार गर्दछ।

विद्यालयहरुमा विशेषज्ञहरुद्धारा पढाइन्छ। प्रत्येक विषयको आफ्नै शिक्षक या विशेषज्ञ हुन्छ। हरेक दिन नानीहरु एक कक्षाबाट अर्को कक्षामा आफ्ना विषयको पढाई अनुसार सर्नु पर्दछ। आफ्नो साथमा किताबको झोला लगायत सबै सामान लानुपर्छ। प्रत्येक कक्षामा बीस देखि तीस जनाको संख्यामा पढाई गरिन्छ। शिक्षकद्धारा गृहकार्य दिइन्छ जुन तोकिएको समय सम्ममा पूरा हुनुपर्छ।

## Ability groups/Sets क्षमता अथवा योग्यता अनुसारको समूह या सेट्स

माध्यामिक स्कूलहरुमा केही विषयहरुकोलागि कक्षा सात देखि नानीहरुको योग्यता अनुसार वेग्ला वेग्लै समूहमा विभाजन गरि पढाइन्छ। यसरी तपाईंको नानीहरुलाई कुन समूह या सेट्मा राखिएको छ भनेर थाहा पाउनु अत्ति नै जरुरी छ। तल्लो र माथिल्लो सेटमा पढाइने स्थरको भिन्नताले गर्दा नानीहरु ठीक सेटमा हुनु अत्ति आवश्यक छ।

## The School Day

A typical school day often starts at 08:45 am. There is a short mid-morning break at about 10.30 am and a lunchtime break of about one hour from 12 noon to 1.00 pm. The afternoon session often lasts till 3:30 pm. Younger children also have a short afternoon break to play outside if the weather is good.

Your child will need to bring a snack to school for the mid-morning break.

A typical day in a **secondary** school will be different from that in a primary school.
There will be a morning and a lunchtime break. There will also be a time for groups of pupils to meet for assembly.

Many schools run lunchtime or after school activities, usually for about an hour after lessons finish. These are activities such as sports, drama, art, dance, music and homework clubs. Some activities are free but some may have to be paid for.

## The National Curriculum

All schools follow the National Curriculum. The emphasis is on the core subjects which are English, Maths and Science. The core subjects are compulsory for children up to the age of 16. However, the school must provide a broad curriculum and, therefore, other subjects are taught. These are Geography, History, Art, Music, Design and Technology, Physical Education, Information Technology and a foreign language.

Students in Key Stages 4 and 5 can chose to study from a wide range of subjects.

The teaching of Religious Education is compulsory for all children. As a parent you have a right to discuss and agree with your child's school whether or not he/she participates in Religious Education.

## Links with Home

Schools hold after-school parents’s meetings at least twice a year in primary schools and once a year in secondary schools. At these evenings, parents are invited to meet the teachers to talk about their child's progress. Some schools have Open Days during the year.

You will also be informed about your child's progress at other times of the year. Schools may ask to meet you if there are concerns about your child. If at any time you have queries or concerns, do not hesitate to contact the headteacher, class teacher or your child's tutor. This can be arranged through the school office.

Schools value the support of parents and see you as an important contributor to your child's learning.

## The School day **विद्यालयको दिनचर्या**

विद्यालयको दिन प्राय जसो बिहान ०८:४५ मा शुरु हुन्छ । १०:३० बजे तिर एउटा छोटो बिश्राम हुन्छ र खानाको छुट्टि लगभग एक घण्टाकोलागि १२ देखि १ बजे सम्म हुन्छ । दिउँसोको कक्षा प्राय ३:१५ सम्म हुन्छ । मौसम राम्रो भएको खण्डमा ससाना नानीहरुलाई कहिले काहिँ बाहिर खेल्ने समय पनि मिलाएको हुन्छ ।

बिहानको बिश्रामको समयकोलागि नानीहरुले केही खाजा ल्याउनु पर्ने हुन्छ ।

माध्यामिक स्कूलको दिनचर्या प्राइमरी स्कूलको भन्दा बेग्लै हुन्छ । खाजा र खानाको छुट्टिको अतिरित्त असेम्ब्लिकोलागि समय तोकिएको हुन्छ ।
धेरै जसो विद्यालयहरुले स्कूलको समय पछि अरु अतिरिक्त क्रियाकलापहरु संचालन गर्दछन् । खेलकुद, नाटक, नाचगान, सँगित, चित्रकला तथा गृहकार्य क्लब यस्ता क्रियाकलापका नमूनाहरु हुन् । यी क्रियाकलापहरु प्राय जसो निशूल्क हुन्छन् तर कुनै कुनैकोलागि भने शूल्क तिर्नु पर्ने हुन्छ ।

## The National Curriculum **राष्ट्रिय पाठचक्रम**

सबै विद्यालयहरुले राष्ट्रिय पाठचक्रम अनुसार पढाई संचालन गर्दछ । विशेष जोड अङ्गेजी, गणित र विज्ञानलाई दिइन्छ जसलाई कोर विषय अथवा अनिवार्य विषयहरु भनेर चिनिन्छ । यी कोर विषयहरु नानीहरुले १६ वर्ष नपुगुञ्जेल सम्म अनिवार्य रुपमा अध्ययन गर्नु पर्छ । तथापि विद्यालयहरुले अरु विस्तृत पाठचक्रम पनि उपलब्ध गराउनुपर्छ त्यसैले अरु विषयहरुको पनि पढाई हुन्छ । जस्तै भूगोल, इतिहास, चित्रकला, संगित, डिजाइन र टेक्नलजि, खेलकुद, सूचना विज्ञान अथवा इन्फरमेशन टेक्नलजि र कुनै विदेशी भाषा ।

कि स्टेज चार र पाँच पढने विद्यार्थीहरुले भने अरु धेरै विषयहरुबाट छानेर आफूलाई मन पर्ने विषयहरु पढन पाउँछन् ।

नानीहरुले विद्यालयमा अनिवार्य रुपमा धार्मिक शिक्षा पढनुपर्छ । तर तपाईं एक अभिभावक हुनु भएको नाताले तपाईंको नानीले यो विषय नपढेको चहानु हुन्छ भने विद्यालयसँग छलफल गरी कुनै निर्णयमा पुग्नु सक्नु हुन्छ ।

## Links with home **घरसँग सम्बन्ध**

हरेक वर्ष प्राइमरी स्कूलहरुले दुई पल्ट जति अभिभावक साँझको आयोजना गर्दछ । माध्यामिक स्कूलहरुले भने एकपल्ट मात्र आयोजना गर्दछन् । यी साँझहरुमा नानीहरुको शैक्षिक प्रगतिको विषयमा गुरुजनहरुसँग कुराकानी गर्न अभिभावकहरुलाई विशेष निमन्त्रणा दिइन्छ । कुनै विद्यालयहरुले 'ओपन डे' को पनि आयोजना गर्दछन् ।

अरु बेला पनि तपाईंहरुको नानीहरुको प्रगतिको विषयमा जानकारी पाउन सक्नु हुनेछ । यद्यपि तपाईंहरुको नानीहरुको विषयमा केही चिन्ता भए विद्यालयले तपाईंलाई सम्पर्क गर्नेछ । तपाईंहरुलाई पनि केही कुराको जानकारी लिनु परे या गुनासो भए विद्यालयको प्रधानाध्यापक, क्लास शिक्षक या नानीको टयूटरलाई सम्पर्क गर्न सक्नु हुनेछ । माध्यामिक स्कूलहरुमा यो स्कूलको अफिस या कार्यालयद्धारा मिलाउन सकिन्छ ।

विद्यालयहरुले अभिभावकहरुको समर्थन र सहयोगलाई महत्वपूर्ण मान्दछ र तपाईहरुलाई नानीहरुको शैक्षिक प्रगतिको प्रभावशाली सहायक ठान्दछ ।

## Homework

Children in primary schools will be asked to read their reading books at home everyday. It is important that you help your child complete their homework and listen to them read. Children in primary schools get homework once a week but older children get homework every day. Schools give pupils homework diaries in which they have to write their homework tasks.

If you cannot help your child with homework, please discuss this with the teacher.

## School Meals

Schools provide a mid-day meal for children. There is a small cost for this. You can tell the school if you do not want your child to eat pork, beef, meat or anything else. All schools serve vegetarian meals as well. You can also give your child a packed lunch to take to school.

**Free School Meals**: You can get free school meals for your child if you or your partner gets either:

- Child Tax Credit (but not Working Tax Credit) and have a family income below £14,155
- Pension Credit Guarantee Credit (the 'guarantee credit element')
- Income Support
- Jobseeker's Allowance

Your child's school can give you a form to complete. You can get information and advice on various Tax Credits and Benefits from Jobcentre Plus. The Citizen's Advice Bureau can offer you more detailed information and can also help with filling in forms.

## Bullying / Racist Incidents

It is important that you contact the school immediately if your child experiences any difficulties such as bullying, racism or name calling. Each school has an agreed policy on procedures for dealing with such matters. \if you need further support or advice on any cases of bullying or racism please contact the Children & Families section of the Education Department on:
Tel: 01344 354014 or email: education.children-families@bracknell-forest.gov.uk

## Homework गृहकार्य

प्राथमिक विद्यालयका विद्यार्थीहरुले प्रत्येक दिन घरमा किताब पढने अभ्यास गर्नुपर्छ । उनीहरुलाई पढने किताब दिएको हुन्छ जसलाई पढदा अभिभावकहरुले सुनिदिनु पर्छ । प्राथमिक विद्यालयका विद्यार्थीहरुले हप्तामा एक पल्ट गृहकार्य पाउँछन् भने माध्यामिक विद्यालयका विद्यार्थीहरुले दिन दिनै गृहकार्य पाउँछन् । विद्यालयले प्रत्येक विद्यार्थीलाई गृहकार्य लेख्ने डायरी दिएको हुन्छ जसमा गृहकार्यहरु लेख्नुपर्छ । तपाईहरुले आफ्ना नानीहरुलाई गृहकार्य गर्न सहायता गर्नु पर्छ । यद्यपि घरमा सहायता गर्न सक्नु हुन्न भने स्कूलका गुरुजनहरुसँग छलफल गर्न सक्नु हुनेछ ।

## School meals स्कूलको खाना

सबै स्कूलहरुले नानीहरुकोलागि दिउँसोको खाना उपलब्ध गराउँछ । यसको लागि पैसा तिर्नुपर्छ । माछामासु नखानेको लागि शाकाहारी खाना पनि उपलब्ध हुन्छ । किनेर नखाने भएमा घरबाटै खाना पठाए हुन्छ ।

## निशूल्क स्कूलको खाना

तपाईंहरुले तल दिएको सुविधाहरु पाउनु हुन्छ भने तपाईंका नानीहरुले स्कूलको खाना निशूल्क पाउन सक्छन् ।

- पारीवारिक आम्दानी £१४,१५५ भन्दा कम भई चाइल्ड टयाक्स क्रेडिट पाउनु हुन्छ भने
- पेन्सन क्रेडिट ग्यारेन्टी क्रेडिट पाउनु हुन्छ भने
- इनकम सर्पोट पाउनु हुन्छ भने
- जब् सिकर अलावेन्स पाउनु हुन्छ भने

यस्तो अवस्थामा स्कूलबाट फारम मागेर भर्न सक्नुहुन्छ । जबसेन्टर प्लस्‌बाट विभिन्न टयाक्स क्रेडिट र सुविधाहरुको विषयमा जानकारी पाउनु सक्नु हुन्छ । नागरिक सल्लाह विभागबाट पनि जानकारी पाउनु सक्नु हुन्छ जहाँ तपाईंहरुलाई फारमहरु पनि भर्न सहयोग दिन्छ ।

## Bullying/Racist Incidents बुलिङ्ग र जातिय भेदभावका घटनाहरु

तपाईंको नानीहरुलाई जात, रङ्ग या भाषाको आधारमा कसैले भेदभाव गर्छ या बुलिङ्ग गर्दै नराम्रा शब्दहरु प्रयोग गरी गाली गर्छ भने तुरुन्तै विद्यालयलाई खबर गर्नु पर्छ । यस्ता कुराहरुका विरुद्ध हरेक विद्यालयले विशेष कडा नीति र कार्यविधि अप्नाएको छ । यस सम्बन्धी अरु जानकारी र सल्लाह चाहेमा शिक्षा विभागको चिल्ड्रेन र फचामेली साखामा निम्न ठेगानामा सम्पर्क गर्न सक्नु हुनेछ ।
Tel: 01344 354014 अथवा इ–मेल: education.children-families@bracknell-forest.gov.uk

# Frequently asked questions

## 1. How do I find a school for my child?

You should contact the school Admissions Team. The Admissions Team can tell you about schools that are nearest to your home address and which schools have places for children.

School Admissions Team
Education, Children's Services and Libraries
Seymour House
38 Broadway
Bracknell RG12 1AU
Tel: 01344 354023 or 01344 354144

They will send you an application form and a book about admissions, and can help you fill out the form. You will need to take your passport, your child's passport and visas and proof of your address in Bracknell Forest with you when you visit them.

You may be able to choose up to three schools, but no school place can be guaranteed. Some Bracknell schools will be full if you apply in the middle of the term, and there may not be a place in the right age group at the school you prefer.

Schools are not allowed to discriminate against children because of their race or nationality. You will be asked to write your child's background details on a form. Please give as much information as you can about the languages spoken at home and your child's previous education. This will help the teachers.

## 2. Do all schools mix boys and girls?

All primary and secondary schools are for both boys and girls. Some private schools, where you pay fees, are single sex schools

## 3. Do all schools have a uniform?

All schools in Bracknell Forest have a uniform. The school will explain what is needed and where you can buy it. You can also ask the school if there are any second hand uniforms for sale.

Your child will need to bring a P E (Physical Education) Kit to school. The PE Kit includes clothes and shoes for the games lesson.

## 4. What if my child needs extra help with English?

Your child's class and subject teachers will plan work and activities that will help your child learn English. Bracknell Forest has an EAL (English as an Additional Language) & Diversity Team who help and support new arrivals with little English.

It would be helpful if you could supply a bilingual dictionary for your child to use at school and at home.

Frequently asked questions **बारम्बार सोधिने प्रश्नहरु**

## १ मेरो नानीकोलागि विद्यालय कसरी खोज्नु ?

तपाईंले स्कूल एडमिशन टिमलाई सम्पर्क गर्नु पर्छ। उहाँहरुले तपाईंलाई पाइक पर्ने स्कूलको जानकारी दिन सक्छन् साथै कुन स्कूलमा ठाउँ खाली छ त्यसको पनि जानकारी दिन सक्छन्। यस कार्यालयको ठेगाना यस प्रकारको छ :

School Admissions Team
Education, Children’s Services and Libraries
Seymour House
38 Broadway
Bracknell RG12 1AU
Tel: 01344 354023 or 01344 354144

उनीहरुले तपाईंलाई दरखास्त फारम र एडमिशन सम्बन्धी जानकारी दिने पुस्तिका पठाइदिन्छन् साथै फारम भर्न पनि सहायता गर्छन्। तपाईंले आफ्नो र नानीको राहदानी र भिसा साथै ब्राकनेलमा बस्नु हुने घरको ठेगाना दर्शाउने कागजपत्र प्रमाणको रुपमा लानुपर्छ।

तपाईंले तीनवटा सम्म स्कूल रोज्नु सक्नु हुन्छ तर राजेकै स्कूलमा प्रवेश पाउनु हुन्छ भन्ने निश्चयता भने हुँदैन। शैक्षिक वर्षको वीचमा आउनु भएको हो भने, रिक्त स्थान पाउन गाह्रो मात्र नभई ठीक कक्षामा स्थान पाउनु मुश्किल पर्न सक्छ।

बालबालिकाको जात र नागरिकता अनुसार कुनै पनि स्कूलले भेदभाव गर्न पाउँदैन। फारम भर्दा नानीहरुको पृष्टभूमिको विषयमा जानकारी दिनुपर्छ। कृपया नानीहरुको मातृभाषा साथै विगतमा अध्ययन गरेका स्कूलहरुको विस्तृत जानकारी दिनु नभूल्नू होला। यी जानकारी हुनु अत्ति आवश्यक हुन्छ नत्र भने यहाँका शिक्षकशिक्षिकाहरुले ठीक तरिकाले नानीहरुलाई सहयोग दिन असक्षम हुन्छन्।

## २. के सबै विद्यालयहरुमा सहशिक्षा हुन्छ ?

सबै प्राथमिक र माध्यामिक विद्यालयहरु छात्र र छात्रा दुवैकालागि हुन्। कुनै कुनै शूल्क लाग्ने प्राइभेट विद्यालयहरुमा भने केटाहरु या केटीहरुको मात्र पढाई हुन्छ।

## ३. के सबै विद्यालयहरुमा यूनिफर्म हुन्छ ?

ब्राकनेल फरेस्टका सम्पूर्ण विद्यालयहरुमा यूनिफर्म छ। के के चाहिन्छ र कहाँ किन्न पाइन्छ भन्ने कुरा विद्यालयलेनै थाहा दिन्छ।
खेलकुद या पि ई खेल्नु बेग्लै कपडा र जुत्ता चाहिन्छ।

## ४. मेरो नानीलाई अङ्ग्रेजीमा अतिरिक्त सहायता चाहिएमा के गर्न सकिन्छ ?

तपाईंका नानीहरुका कक्षा शिक्षक र विषयवस्तुका शिक्षकहरुले सरसल्लाहका साथ विभिन्न उपयोगी क्रियाकलापहरु तयार गरी नानीहरुको अङ्ग्रेजी भाषाको विकास गर्न सहायता गर्दछन्। ब्राकनेल फरेस्टमा एक इ ए एल टिम पनि छ जसले भरखरै मात्र विदेशबाट आएका विदेशीहरुलाई सहयोग गर्दछ।

तपाईंहरुले आफ्ना नानीहरुकोलागि एउटा अङ्ग्रेजी–नेपाली शब्दकोश उपलब्ध गराउनु भए लाभदायक हुनेछ।

## 5. What if I have a problem or a complaint?

You can ask to speak to the headteacher, class teacher or tutor. It is important that you get to know your child's class teacher or tutor and keep meeting with him/her whilst your child is settling in. You can ask for an appointment by phoning or calling in during the school day.

Some schools have a contact, or homework book in which you can write messages to your child's teacher/tutor.

If your complaint is not resolved, you can ask to meet a school governor.

## 6. What are SATs?

These are tests taken at the end of each Key Stage when pupils are age 7, 11 and 14 years old. At the end of Key Stage 1, teachers assess children in Reading, Writing and Maths. At the end of Key Stage 2, tests are taken in English, Maths and Science. At the end of Key Stage 3, tests are taken in English, Maths, Science and Information and Communication Technology (ICT). These tests help to assess progress. The results are made known to parents.

## 7. What are GCSEs?

These are the most important exams your child will take at school. It usually takes two years to study for a GCSE. The score your child achieves may depend on work during the year, called coursework, as well as the exam marks.

For university entrance you normally need at least grade "C" for both Mathematics and English at GCSEs. You also need a higher qualification called A-Levels (Advanced Level).

Ask the school if your child can take a GCSE in your home language. This will be beneficial for your child.

If your child has come to the UK and is joining school in Year 11, then he/she may have the choice to be admitted in Year 10 instead, so that the GCSE course can be covered. Ask the school and the Connexions Personal Adviser for advice on the subjects and courses your child should take.

## 8. Do I have to pay for my child to go to school?

There are no fees. Also all books, papers and necessary equipment are supplied by the school free of charge. However, you may be asked to provide things such as pens, pencils, ruler, rubber, calculator etc.

## ५. समस्या या गुनासो भएमा के गर्ने ?

तपाईंले प्रधानाध्यापक, कक्षा शिक्षक या टच्यूटरलाई भेट गर्न समय माग्न सक्नु हुन्छ । तपाईंले आफ्नो नानीको कक्षा शिक्षकसँग राम्रो परिचय गरी बारम्बार भेट्ने कोशिश गर्नु पर्छ । फोन मार्फत भेट्ने समय मिलाउन सकिन्छ ।

कुनै कुनै विद्यालयहरुले गृहकार्य लेख्ने किताब प्रयोग गर्छ जसमा गुनासोहरु लेखि पठाउन सकिन्छ ।

आफ्नो गुनासो या समस्याको समाधान नभएमा विद्यालयको संचालक समितिका सदस्यसँग भेट गर्न सकिन्छ ।

## ६. स्याट्स (SATs) भनेको के हो ?

प्रत्येक कि स्टेजको अन्तमा जब नानीहरु ७, ११ र १४ वर्ष पुगेका हुन्छन् उनीहरुले जाँच बस्नु पर्छ । यी जाँचहरुलाई नै स्याट्स (SATs) भनिन्छ । कि स्टेज एक को अन्तमा नानीहरुलाई पढाई, लेखाइ र गणितमा जाँच लिइन्छ । कि स्टेज दुईको अन्तमा अङ्ग्रेजी, गणित र विज्ञानमा जाँच लिइन्छ । कि स्टेज तीनको अन्तमा भने अङ्ग्रेजी, गणित, विज्ञान र सूचना र संचार विज्ञान (ICT) को जाँच लिइन्छ । यी जाँचहरुद्धारा नानीहरुको शैक्षिक प्रगतिको विषयमा जानकारी हुन्छ । जाँचका नतिजाहरुको बारे अभिभावकहरुलाई विद्यालयले अवगत गराउँछ ।

## ७. जि सि एस ई (GCSEs) के हुन् ?

विद्यालयमा लिने सबै भन्दा महत्वपूर्ण जाँच जि सि एस ई (GCSEs) हुन् । GCSE पूरा गर्न दुई वर्ष लाग्छ । जाँचमा प्राप्त हुने अङ्कलाई वर्षभरि गरेको कक्षा कार्य जसलाई कोर्स वर्क भनिन्छ, त्यसले प्रभाव पार्छ । कोर्स वर्क राम्रो नभएमा जाँचको नतिजा राम्रो नहुनु सक्छ ।

विश्वविद्यालयमा प्रवेश हुनुकोलागि GCSE को जाँचमा अङ्ग्रेजी र गणितमा कमसेकम सी ग्रेड ल्याएको हुनुपर्छ । साथै ए लेभल पनि गरेको हुनुपर्छ ।

तपाईंको मातृभाषामा GCSE दिन पाइन्छ या पाइन्दैन भनेर विद्यालयमा सोध्नु भए हुन्छ । दिनु पाएमा नानीहरुकोलागि लाभदायक हुन्छ ।

यद्यपि तपाईंको नानी हालसालै मात्र यूकेमा आइ कक्षा ११ मा भर्ना गर्न चहानु हुन्छ भने उसलाई कक्षा १० देखि पढाई शुरु गर्न लगाएमा राम्रो हुन्छ । यसो गर्नाले नानीले GCSE को पाठचक्रम पूरा गर्न सक्छ । यस सम्बन्धी विद्यालय र कनेक्सन्सका व्यक्तिगत सल्लाहकारसँग भेट गरी छलफल गर्न सकिन्छ ।

## ८. नानीहरुको शिक्षाकोलागि कति खर्च लाग्छ ?

